CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

ज्ञवाली-थरको वंशावली

कुलपूजा मीमांसा
धर्म, कर्म, ब्रम्ह, मीमांसा
गोत्र, प्रवर, मीमांसा
(माण्डव्यकुलको)

इत्यादि सहिता

लेखक तथा सङ्कलकः
शिवकुमार ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञवाली थरको वंशावली

नं. १५४०१

लेखक तथा संकलक

शिव कुमार ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

लेखक तथा संकलक

का

पिताको

पुण्य स्मृतिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकः-

भेषराज जवाली

गुल्मी मानकोट

प्रथम सस्करण

प्रति १०००

प्रकाशन मिति २०४१। माघ

सर्वाधिकार - लेखक तथा संकलक मा सुरक्षित

मूल्यः रु० ३८।

मुद्रकः शिरीज प्रिन्टीङ्ग प्रेस, ललितपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF



माण्डव्यऋषिको कुल्श मेह बाट अखण्डित ।
गरी वंशावली लेख्ने शिवकुमार पण्डितः ॥

Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय-सूची

भूमिका – सूर्यविक्रम ज्ञवाली पृष्ट

परिचय – गोपीकृष्ण शर्मा

ज्ञवालीको संवन्धमा – नारायण प्रसाद अधिकारी

दुई – शब्द – लेखक शिवकुमार

प्राचीन परम्परा – लेखक

मङ्गलाचरणम् १

अध्याय १

सुमेरु वंशकथनम् २

अध्याय २

कृष्णदासवंशकथनम् ३

ठूलामोहरे ४

ढुकुरखोला ५

अमिले ५

टिमुरे ७

अमलावास ७

मुख्य टोला ८

सेराली ७

पाल्पाअसारे ८

ठूलामोहरे ८

मुख्ये टोला ८

नौ धारा ९

गुल्मी रुञ्जाकोट १०

पाल्पा अरसौदी १०

नौ धारा १०

कुसुमखोला ११

वगुवा १५

अध्याय ३

गोपाल वंशकथनम् १८

स्याङ १८

लिघा २२

खुडडाँडा २३

गैरावारी २३

गैरावारी २५

डुङ खोला २३

अध्याय ४

गणपतिकमलापति वंशकथनम् ३३

दिगाम मौलिपुर ३३

खिदमे ३३

गुल्मी ज्ञवा ३४

तल्लागांउ ३५

व्याडमाथि ३५

वादीथुम्का ३६

वादी ३६

उपल्काथुंका ३७

गैन्ही खुट्टा ३८

वाटुले ३९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डांडाली ३९
आँप खर्क ४०
डांडा खक ४०
नयाँघर ४०
गैरेली ४१
चुरचुरे ४२
धुरचुवहर ४२
भौतीकोट ४२
येपलेखर्क ४२
भैरवस्थान ४२
वजाड्दी ४३
नीमाखंक ४४
सौरीवोट ४४
रिडीवजार ४४
तंघासे ४४
पत्ता लागे को छैन ४५
ठूलाखर्क ४६
गैन्हा ४६
ठूलाखर्क ४८
पुच्छारे ४९
टाकुरा ५२

अध्याय ५

केशव पुत्र काशिराम वंशकथनम्
झवा ५३
पाँघा ५३
दाङसिर ५४
पण्डरमने ५७
गुल्लीखोला ५७
अगला चिलाउने ५८
चिर्दी डांडा ५८
उल्ली ग्रोला ५८

अध्याय ६

मुरारि वंश कथनम् ५९
दौघा ६०
खिदिमदें बल चौर ६०
दंघा भुट्कवोट ६०
पनेर बोट ६१
ओखर वोट ६१
पुच्छार दमाहर ६२
खिदिमढाव ६३
खिदिमसालबुटा ६३
पटवारी ६४
खिदिमढाव ६५
दंघा ६५
पद्दाली ६५
काठमाण्डौं पाटनढोका ६६
दौंघा ६७
डाडां गाउं ६७
जहर बोट ६७
भैरहवा ६८
दंघा ६८
झवा ७०
झवा हर्रेली ७०
दामलाचौर ७०
कमेर डाडां ७१
डेरादुन ७१
थोर्गा कमेर डाडां ७१
दामला चौर ७२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुन डाँडा ७२
धरंपोखरा ७३
दामला चौर ७३
थोर्गा सित्तल ढुंगा ७४
दिगाम मौलिपुर ७४
खिदिम ७४
भैरवा ७५
पाल्ला कुसेनी ७५
कालापातला ७५
उमिकोट ७६
लामाखर्क ७६
चुन्दुङ्गा ७७
आरु पाटा ७७
जामने ७८
बाँसकोटे ७९
कालापातला ७९
चिलाउने पोखरा ८०
खोल्टे ८०

अध्याय ७

चूडामणि वंशकथनम्
पाल्ला सोम हरा ८२
परासीमा ८२

अध्याय ८

गौम वंशकथनम्
ग्वादी ८३
ग्वादी गैरा ८४
मुख्येटोला ८४
पल्ला घर ८५
मंजेङ पोखा ८५
ओखल् ढुंगा बोहाले ८५
थुंका ८५
रिम्मामा ८६
कोलादी ८६
ग्वादी ८८

अध्याय ९

धनञ्जय वंश कथनम् ८९
लामजाकोट चिदिहार ९०
माँझ घर ९०
गिदीमा ९०
कोलमाथी ९१
तल्लीगाउँ ९२
पारी खर्क ९२
तल्ली गाउँ ९३
लामजाकोट ९३
थोर्गा पीपल थोक ९४
तल्ला मरुङ ९४
पीपल थोक ९४
गैरी खुट्टा खरीबोट ९५
लामजाकोट ९५
टाहाटिम ९५

अध्याय १०

विद्यपति वंशकथनम् ९८
खस्यौली ९८

अध्याय ११

विश्वेश्वर वंशकथनम् १००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(भेटिएको छैन)
मानकोट १०१
तल्लाकोट १०२
पोखरे डाडाँ १०३
छाप १०४
टोडके १०४
फूल वारी १०४
बाँस पाटा १०६
बुढा धुंका १०६
कवर खर्क १०६
बाँझावारी १०७
बलकोट १०७
चण्डीस्थान १०७
कोट १०८
भोटेखर्क १०८
पल्ला टोडके १०९
पल्ला धुंका १०९
झमादीपा ११०
थोर्गा १११
बसन्त पोखरी ११२
पूर्व पोखराम ११३
मुसिडाडाँ ११३
रातामाटे ११३
थोर्गापहेक ११४
भयेर थान ११४
मरुङ ११४
बतूखर्क ११५
अर्खले ११५
बसन्त पोखरी उपल्ला घेर ११६
भेटिएको छैन ११६
पोखरा ११७
वाहा चौपारे ११८
फेकलदी १२०
थोर्गाफल्ले खर्क १२१
फेकलदी बुढाघर १२२
फल्लेखर्कग्राँपा रुख १२२
फल्ले खर्क १२२
सिन्हाने १२२
बर्साउँटा १२३
भेटिएको छैन १२५
खिदिममा १२६
मोहोरे १२७
उर्लेनी १२७
जानेली १२८
बाटामुनी १२८
रुझाकोट मैनडाडाँ १२९
पोखरे १२९
मुणीपोखरी १२९
पोखरे १३९
तल्ला वारे १३०
मोहरे माँझघर १३१
थोर्गा जिवाल टोला १३२
थोर्गा माँझगाउँ १३३
चाँपाखर्क १३३
मोहोरेमा १३५
थोर्गा विष्णुपञ्जर १३६
चिउरेक थोर्गा १३६
फेका लदी विष्णु पञ्जर १३६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाल्पा मोहोरे
छेवरे १३७
झोले थोर्गा १३८
जिमीरे खर्क १३८
रिम्मामा १३९
ठूलापोखरा १४१
माँझ गाउँ १४१
राता खर्क १४२
ठूलापोखरा १४२
उपल्लो वतासे १४२
स्यालपोखरी १४३
काभ्राकोट १४३
पीपलमुनी १४३
जिम्मावाल १४४
अधेरीखोला १४४
तल्लाग्वादी १४५
ठाडावाटा १४६
खनिडाडाँ १४६
ग्वादी १४६
चित पानी १४८
निउरेक ठाडावाटा १४९
ओखल ढुंगा १४९
ठाडावाटा १४९
बुकुरे १४९
पोखरामाथी १५०
ओखल ढुंगा १५१
वतासे १५२
ठाडावाटा १५२
जौखोला १५२
जौखोला १५३
चौरेली १५३
ओखरपाटा १५५
तेर्छावाटे १५५
पत्ता छैन १५५

अध्याय १२

पीताम्बर वंश कथनम् १५६
चिदीकामा १५७
सिरचौर गैरीखुट्टा १५७
सती डाडाँ थोर्गा घुँडी १५८
आँप १५९
थोर्गा हुलाक मुनी १५९
हुलाक १६०
वोहाले १६१
ग्वादी १६१
काभ्राकोट १६१
प्रोहा बुढाकट्टे १३२
मौलीपुर अन्तरे १६३
तिलङ्गा १६३
किरारुखे १६३
घडेरी १६४
वोहाले १६४

अध्याय १३

जुहाड १६५
बाँझावारी १६६
गिदेंरी पाटा १६६
हँसरा १६६
थोर्गापहेक १७०
भकारे १७१

अध्याय १४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनार्दन वंश कथनम् १७२
भेटिएको छैन १७२

अध्याय १५

प्रजापति वंश कथनम् १७३
भेटिएको छैन १७३
भटुका १७४
मुकुन्द वंश कथनम् १७४

अध्याय १६

भटुका टाकुरा १७५
जुहांङ्लोहोरे आँपे १७५
विचारी १७५
भटुका १७५
बुढाघर १७८
तिलाघर १७९
सातमुरे १८१
टाकुरा १८२
तिलाघर १८२
गोरुवाँघिन १८२
ठूलाघर १८२
पाल्पाखस्यौली १८४
भटुका सातमुरे १८५
आराभञ्ज्याङ १८६
भटुका तल्लोघर १८६
मुसुङ्खोला १८६
माडीमा १८७
भटुका थाम १८७
पाल्पा कुसेनी १८७
भटुका तल्ला घर १८८
कुसेनी १८९

अध्याय १७

अथ पद्म नाभ वंश कथनम् १९३
भेटिएको छैन १९३

अध्याय १८

रामचन्द्र वंशकथनम् १९३
माडी १९३
काठमाण्डौं वानेश्वर १९८
काठमाण्डौं लगनखेल १९९
काठमाण्डौ नारण पोखरी २००

अध्याय १९

माडीमा २०१
माडीपोखरा थोक २०१
गुल्मी चार पाला २०२

इतिवंशावली समाप्ता ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका

विविध थरको नेपाली ब्राह्मणहरु का वंशावली हरु हेर्दा उनीहरु भारत बाट नेपाल पसेको कारण भारतमा मुसलमानहरुको आक्रमण भयेपछि उनीहरु माथी भयेका धार्मिक अत्याचारले धर्मसंरक्षण गर्न गाहारो परेर रहेछ भन्ने कुरा विदित हुन्छ। यसरी धर्म जोगाउन नेपाल पस्ने ब्राह्मणहरु मध्ये धेरै कन्नौज (कान्य कुब्ज) बाट तथा केही वर्तमान भारतको हरयाना राज्य औ अन्यत्र बाट पनी आयेका कुरा चाल पाइन्छ। कोही धारा वा उज्जैन बाट आयेका हौं भन्ने पनी छन्। दक्षिण बाट आउनेहरुका पनी केही थर भयेको चाल पाइयेको छ।

इनीहरु कुन समयमा नेपाल पसेका हुन् भन्ने कुरोपनी इनीहरुका वंशावलीहरुबाट मोटामोटी चाल पाइन्छ। अर्ज्याल वा आर्यालहरुका वंशावली बाट साके १२१५ तदनुसार १२९३ ई० मा कान्यकुब्जका मुसलमान शासकले हिन्दुहरु माथी गरेको धार्मिक अत्याचार सहन नसकी अर्ज्यालहरुका पुर्खा त्यो ठाउँ छोडी हिमालयका आश्रयमा जान भनी हिंडी कुमाउँ हुँदै डोटीका राजाका शरण पर्न आएको तथा त्यहाँ बाट पनी उनीहरु जुमलाका राजाका आश्रयमा गयेको कुरा विदित हुन्छ। जुमला बाट बिस्तार बिस्तार बसाई सर्दै पश्चिमका विविध ठाउँमा बस्तै उनका सन्तानहरु गोर्खाका राजाको गुरुहुन पुगेको विदित छ। गोर्खा बाट १५५९ ई० पछी उनका सन्तान बसाई सर्दै पूर्व नेपालमा सर्वत्र व्याप्त भयेको कुरा पनी हामीलाई थाहा छ।

सिन्ध माथी मुसलमानहरुको अष्टम शताब्दिमा भयेको आक्रमण तथा विजयलाइ बाद दिये भारतमा मुसलमानहरुको आक्रण प्रायः एघारौं शताब्दि देखी आरम्भ भयो भनी भन्नु पर्छ। यो तथा परवर्ती शताब्दिमा भयेका महमूद गजनी तथा मुहम्मद गोरीका आक्रमणहरु महामारी जसता थिए। ती आक्रमणकारी हरुले भारतमाथी धेरै चोटी आक्रमण गरेको भये ता पनी तथा तिनका आक्रमणको परिणाम स्वरुप लाखौं मानिस मारिने उत्तीकै घरवार विहीन हुने।

तथा धेरै संख्यामा दास हुनु परे, तापनी आक्रमण कारी फर्के पछी मानिस साधारण जीवन व्यतीत गर्न लाग्थे औ बितेको दुःख विर्सन थाल्थे। यसो गर्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दै १२०६ ई० मा मुहम्मद गौरीका प्रतिनिधिका रुपले उनको कुतुबुद्दीन नामक दासले दासवंशको राज्य दिल्लीमा स्थापित गऱ्यो । पछी अरु अरु वंशका मुसलमान हरुले दिल्लीमा आफ्नो शासन कायम गरी उत्तर तथा दक्षिण भारतमा आफ्नो राज्य विस्तार गरे ।

अन्त्यमा १५२६ ई० मा बाबरले दिल्लीमा प्रसिद्ध मुगलवंशको राज्य स्थापित गरे । हुनता मुगलहरुको शासन पनी हिन्दुहरुका निम्ती धार्मिक दृष्टीले उतीराम्रो नभएता पनी यो भन्दा अघी १२०६ ई० देखी १५२६ इ० सम्मको मुसलमान हरुका शासनको समयमा हिन्दुहरुमाथी ठुलो धार्मिक अत्याचार भयो तथा यही समयमा उत्तर भारतका अनेक मानिस आफ्नो घरद्वार छोडी स्वधर्म संरक्षणार्थ "हिमगिरि तिर ठाडै हानिई" नेपाल पसे ।

झवालीहरुका पुर्खापनी सोही समय हिमालयका आश्रयमा धर्मसंरक्षणार्थ आयेका हुन् भन्ने वलियो अनुमान हुन्छ । जुमलाका तिनताकका राजाको आश्रय प्राप्त गर्ने झवालीहरुका ज्ञात आदिपुरुष याजक भट्ट धन्यरहेछन् किन भने आज उनका सन्तान नेपाल अधिराज्यका विविध भागमा राष्ट्रको सेवा गरी बसेका-छन् । याजक भट्टका सन्तान बसाई सरी जुमला बाट यत्रतत्र लाग्दा उनीहरुको थर कहिले केही भयो तथा कहिले केही । तर यो कुरा उती महत्वपूर्ण छैन किन भने थर ता प्रायः मानिसको निवास स्थान बोध गराउनाका निमित्त निर्मित हुन्छ । मूल कुरो ता गोत्र हो तथा माण्डव्य गोत्रका मानिस जहाँ बसेता पनी तथा लौकिक कारणले थर वे लै भयेता पनी उनीहरु एकै हुन् भन्ने कुरामा सन्देह छैन ।

झवाली कुलका विकास सिव मानिसलाई परिचय गराउने यो वंशावली थोर्गा, गुल्मीका निवासी पण्डित शिवकुमार झवाली ले धेरै अनुसन्धान गरी लेख्नु भयेको हुनाले वहाँ प्रति सबै नेपाली अनुगृहीत भयेका छन् ।

यसतो ज्ञानवर्धक तथा अनुसन्धानात्मक पुस्तक प्रत्येक झवालीले अवश्य आफ्नो निजी पुस्तकालयमा राख्नु वडो राम्रो कुरा हो । तथा समय समयमा यथावकाश यसलाई हेर्ने गरे नेपाली राष्ट्र कसरी निर्माण भयेको रहेछ तेसको उनी हरु झलक पाउने छन् । यसले उनीहरुलाई विकासका पथमा तीव्रता पूर्वक हिड्न लागेको नेपाली राष्ट्रका विकासमा आफूले भियाये जती योगदान गर्न उत्साह पनी प्रदान गर्ने छ । आरम्भमा यौटा सानु राज्यका (बाइसे चौविसे मध्ये

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक) रैती भयेका पुर्खाका सन्तानले आज विश्व विदित यशस्वी नेपाली राष्ट्रको नागरिक हुने गौरव प्राप्त गरेको छ तथा विश्वको आजको गति विधि बुझेर झवालीहरुले अरु सचेत नेपाली नागरिक सरह नेपाली राष्ट्रको विकास हुने कार्य गर्न झन अघी सर्न परेको छ। अनुसन्धान पूर्वक लेखियेको यो वंशावली यसै दिशालाई इङ्गित गर्छ तथा झवाली हरुलाई अझ वढी उत्साह तथा विद्वत्ता पूर्वक देश तथा राष्ट्रको सेवामा लाग्न उत्साहित गर्छ।

अन्त्यमा झवाली हरुलाई उनीहरुका प्रारम्भ तथा भूतको झलक दिदै तथा वर्तमान समयमा उनीहरुको कर्तव्य केहो सो परोक्ष रीतिले सङ्केत गर्न यसतो उपयोगी तथा विद्वत्तापूर्ण पुस्तक प्रदान गर्नु हुने यो पुस्तकका रचयिता पण्डित शिवकुमार झवाली लाई मेरो हार्दिक साधुवाद छ।

वानेश्वर
काठमाण्डौं
मार्ग ४, २०४१

सूर्यविक्रम झवाली

(वयोवृद्ध लेखक श्री सूर्यविक्रम झवालीज्यूको यो लेख उहाँकै ह्रस्व दीर्घ आदिका नियम वमोजिम जस्ता को त्यस्तै छापिएको छ)– शिवः।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाल्मीकि विद्यापीठ

९२४०१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिचय

प्रस्तुत ग्रन्थ (ज्ञवाली थरको वंशावली) प्रकाशित हुनु नेपालको सांस्कृतिक इतिहासका दृष्टिले ठूलो गौरवको कुरा हो । यस वारे पाल्पा जिल्ला खस्यौलीका पं हरिदत्त ज्ञवालीले १०० वर्ष पूर्व सम्मको ज्ञवाली थरको वंशावली टिपोटका रुपमा तैयार गराएका रहेछन् । सो समय भन्दा पछि १०० वर्ष यताको वंशानुक्रम लाई समेत यथासंभव खोज-अन्वेषण गरेर पूर्वनिर्मित टिपोटमा श्टङ्खलित गर्नु वाञ्छनीय थियो । ज्ञवाली थरको वंशावली वारे विशेष चासो राखने गुल्मी जिल्ला थोर्गाका पं शिवकुमार ज्ञवालीले सो अभिभारा काँधमा वोकेर गुरुतर कार्यका लागि अगाडि सर्नु भयो र त्यही अभियानको परिणाम स्वरुप यस ग्रन्थको जन्म भएको हो ।

पं शिवकुमार ज्ञवाली जन्म वि० सं० १९७४ गुल्ली जिल्ला, थोर्गा माझ गाउँ चाँपाखर्क हुनु हुन्छ, उहाँले व्याकरण मध्यमा १० उप निषद षड दर्शनको राम्रो अध्ययन गर्नु भएको छ र खाँची भार्से रिडी तथा पाल्पा अर्चलेका वेदवेदाङ्ग सं० मा. विद्यालयमा स्मेत अध्यापक का रुपमा रही संस्कृत विद्या प्रदान गर्दै आउनु भएको हो ।

त्यसभेगका शिक्षित जन समुदायमा संस्कृत वाङमयका विद्वानका रुपमा परिचित हुनु हुन्छ । २०४१ साल देखि उहाँले सो वंशावलीको थप खोज र संकलन गर्ने काम भएको रहेछ यसरी वंशानुक्रमको खोजी गर्ने सन्दर्भमा पं शिवकुमार गुल्मी, अघा खाची, पाल्पा, रुपन्देही कपिल वस्तुर काठमाण्डौं आदि जिल्लामा पुगेर ज्ञवाली थरको वसोवास भएको गाउँ टोलमा घुमी १०० वर्ष यताको वशावली यथासंभव संकलन गर्दै जानु भयो र वंशावलीले यो रुप लिएको हो ।

ज्ञवाली थरको आदि थलो पनि अरु थरको जस्तै कर्णाली प्रदेश थियो । ज्ञवाली वंशका मूल पुर्खा ,याजक, भट्ट रहेछन् । यिनै वाट सातौ पुस्तामा पर्ने हरिदत्त भट्टलाई तत्कालीन गुल्मीवंशाका भुरे राजाले यज्ञ संपादन गराउन वोलाएछन् । तदनुसार हरिदत्त भट्ट आएर गुल्मी वंधामा यज्ञ गराएकाले उनलाई सेवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नामको गाउँ बिर्ता प्राप्त भयो अनि (सेवा) बिर्ता पाएका हुनाले यिनको थर भट्टबाट ज्ञवाली हुन पुग्यो भन्ने परंपरा सुनिन्दै आएको छ। जेहोस, कर्णाली प्रदेशबाट गण्डकी प्रदेशमा आएपछि मात्र ज्ञवाली थर बनेको कुरालाई भने वंशावलीले पनि पुष्टि गरेको छ। ज्ञवालीका दाजु भाइहरु अहिले पनि मुद्दर पश्चिम नेपालमा वजगाई, अधिकारी, भण्डारी, भट्ट आदि थरमा रहेकै छन्।

प्रस्तुत वंशावलीका अनुसार ज्ञवाली थरका प्रवर्तक मूल पुरुष सुमेरु हुन्। सुमेरु चाहीं गुल्मीमा यज्ञ गराउन कर्णाली प्रदेशबाट आउने माथिल्लताइएका हरिदत्त भट्टका एक्ला छोरा हुन। हरिदत्तले (जवा) बिर्ता पाएर ज्ञवाली भनिए पनि मूलतः उनी भट्ट थरमा नै परिचित थिए। यिनका सन्तान देखि अघाबधि फैलिदै गएको वंशपरंपरामा भट्ट नभनेर ज्ञवाली भन्ने गरिएको छ। त्यसो हुनाले पनि ज्ञवाली थरका प्रवर्तक आदि पुरुष भने गुल्मी जिल्लाका ,सुमेरु, भनिएका छन् र यो वंशावली सुमेरुको सन्तान–दरसन्तानको नाली बेली खुद्याउने वंशावली हो। सुमेरुबाट नै गणनागर्दा यस ग्रन्थका सङ्कलक–संपादक पं. शिवकुरार ज्ञवाली को नाम तेह्रौं पुस्तामा पर्न आउँछ।

सुमेरुका चार भाइ छोरा थिए। यिनमा जेठा र माहिला गुल्मीमा नै रहे भने साहिला र कान्छा छोरा पाल्पा माडीमा आएर बस्न थाले। यसरी गुल्मी भेगका ज्ञवाली सुमेरुका जेठा तथा माहिला छोराका सन्तान हुन् भने पाल्पा भेगका ज्ञवाली प्रायः साहिला तथा कान्छा छोराका सन्तान हुन्।

यिनै चार भाइबाट फैलेका ज्ञवालीहरु अहिले आएर काठमाण्डौं देखि भारत (दार्जलिङ, खर्साङ, आदि) सम्म छरिएर रहेका छन्।

सुमेरु पछि ज्ञवाली थरमा विशिष्ट व्यक्तिहरु बेलाबखत जन्मदै आएका छन्। वर्तमान समयमा पनि श्री ५ को सरकारको उच्च ओहदामा कार्यरत ज्ञवालीहरु मनाग्ये छन्।

यसरी ज्ञवाली वंशका उत्तरोत्तर नामहरुको वंशानुक्रम बारे बढी चासो राखेर यसपुस्तकमा छुटेका (छुट्न संभव हुने हुनाले) र नयाँ जन्मँदै गरेका नाम नामेसी हरु थपूदै जानु हरेक ज्ञवालीको दायित्व बनेको छ।

प्रस्तुत ग्रन्थको महत्व हाल त्यति न संझिएला तर सयौं वर्ष पछि यो वंशावली पनि गोपाल वंशावली अथवा खसवंशावली जस्तै अति महत्वपूर्ण बन्नेछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्ने कुरामा शङ्का छैन । यसरी टिपोटका भरमा थन्किएको (पछि नष्टपनि हुन सक्ने) झवाली वंशावलीलाई अरु १०० वर्ष पछि तन्काएर ग्रन्थको रुपदिई प्रकाशनमा ल्याउने पं. शिवकुमार झवाली धन्यवादका पात्र हुनु हुन्छ। उहाँको यो प्रयासले अरु थरको वंशावली बनाउन प्रेरित गरोस्, यही शुभेच्छा छ ।

२०४१ – पौष १५

गोपीकृष्ण शर्मा
गैंहागाउँ, तानसेन पाल्पा
हाल – त्रि. विश्वविद्यालय
काठमाण्डौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीः

वंशावलीको संबन्धमा

मानव विवेकशील प्राणी हो । त्यसैले उसमा बुद्धि, विवेक र कर्तव्याकर्तव्य, को ज्ञान-थोरै, धेरै मात्रामा रहेकै हुन्छ । जस अनुसार उ आफ्नो कार्यक्षेत्र बनाउँदै गई रहेको हुन्छ । मानवको कार्य र व्यवहारमा उसको आनुवंशिक, संस्कार एवं समसामयिक वातावरण र परिवेशले सबै भन्दा प्रभावकारी भूमिका खेलेको हुन्छ । अतीतको इतिहासले मानिसलाई सजग सतर्क र सक्रिय बन्दै उज्वल भविष्यतिर लकिने प्रेरणा दिन्छ । जसको इतिहास छैन परम्परा छैन, सस्कृति छैन त्यो जांति वा समाज धेरै समयसम्म जीवित रहन सक्दैन । यसैले आफ्नो परम्परा वंश सस्कार र संस्कृतिको ज्ञान हरेक जाति र हरेक व्यक्तिलाईहुनु अवश्यक छ । मूलको सम्पर्कबाट विच्छिन्न भएका हाँगा-विगा, धेरै दिन जीवित रहन सक्दैनन् । अत आ. आफ्नो वंशलताको फेंद-टुप्पाको ज्ञान हामी सबैले राख्नु पर्दछ । अफ्ना वंशवृक्षको बीज भूमि खोज्दै जाँदा हामी ती प्रातः स्मरणीय, तपोधन ज्ञानी सभ्य र पूर्व विकसित ऋषि मुनिहरु सम्म पुग्छौ जसका नाउँ (अत्रि, वसिष्ट गर्ग माण्डव्य, कश्यप भारद्वाज, आदि) बाटै हाम्रा गोत्र तथा प्रवरहरु बनेका छन् । प्रत्येक शुभकार्यमा उचारण हुने गोत्र र प्रवरले तिनै ऋषिहरुको गंझना गराउँछन् । जसले मानव सभ्यताको मिर्मिरेमा तपोवलको एकान्त कुनाबाट । सर्वे भवन्तु सुखिनः ··· ··· । र बसुधैव कुटुम्बकम् । को नारा दिएका थिए । तो दिव्य महिमामय पूर्वजहरुको पवित्र कार्य र नाउँबाट टाढिदै गएकाले नै हाम्रा सन्ती दुःखी, अशान्त र भयभीत हुन पुगेका छौं । यस दिशातिर, हामीलाई पुनर्जागरित तुल्याउन घचघच्याउन र उप्रेरित गर्न यसले किसिमका वंशावलीको आवश्यकता पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली समाजको निर्माण आर्य र ,मंगोल, दुई प्रकारका रक्तको मिश्रणबाट भएको छ । विक्रमको एघारौं शताब्दीको वार, पार, भारत भूमिमा वसोवास गर्दै आएका कार्यहरु तत्कालीन मुश्लिम शासकहरुभाट भएको धार्मिक अत्याचारलाई सहन नसकी आफ्नो धर्म र संस्कृतिको संरक्षण गर्न शान्ति खोज्दै नेपाल भूमिमा प्रवेश गरे । उनीहरुको प्रथम आश्रयस्थान थियो पश्चिम नेपालको कर्णाली प्रदेश । तिनै आगन्तुक मध्येका एउटाहुनू ज्ञवाली वशका पुर्खा (याजक भट्ट) जसले तत्कालीन जुम्लीनरेशबाट सन्मान र वित्ता समेत पाई बसेको कुरा वंशावलीमा उल्लेखित छ । बढ्दै गएका शाखा, सन्तान पश्चिमबाट क्रमशः पूर्वतिर पाइला चाल्न थाले । कालान्तरमा वासस्थान र कार्यका आधारमा उनीहरुले आफुलाई विभिन्न थरमा विभजित भएको पाए । उदारणका लागि याजक भट्टका सन्तान कुनै भट्टनै रहे, भने, कुनै वजगाउँमा वस्नाले वजगाई कुनै भण्डारको काम गर्नाले भण्डारी अधिकार प्राप्त गरेकाले अधिकारी र ज्ञवामा वसोवास गरेकाले ज्ञवाली कहलाए । यी सवैको गोत्र एउटै माण्डव्य हो र कुलदेव एउटै मष्टा हुनू । भौगोलिक कारणबाट रीति स्थितिमा सामान्य अन्तर पर्न गए पनि कुलपूजाको मूल विधान चाहिँ सवैमा एकै किसिमको पाइन्छ । यसकिसिमका उदारण अन्यान्य गोत्र हरुमा पनि भेटिन्छ । विभिन्न थरमा विभक्त भएकाले आफुलाई भिन्न मझनेहरुमा ,हामो सवै एउटै पुर्खाका सन्त ति हौं, अतः दाजु भाइ हौं भन्ने भावना जगाउने भएकाले नै समता वंशावलीको वढी महत्व देखिन आउँछ ।

अतीतको गर्भमा पुरिइ सकेका आपना पूर्वज र तिनबाट प्रविच्छिन्न रुपमा । मयाँगिदै गएको वंशालताको नाली, वेली हाउदै मूलपुरुष सम्म पुगेर ऐतिहासिक आधारमा तिनका कार्य वचारको विवेचना गर्नु सामान्य कुरो होइन, यसका लागि वगाउनु पर्छ अध्ययन, अनुसन्धान र अनुभवको त्रिवेली कठिन कार्यमा लागीपर्नु ही मध्ये एक हुनुहुन्छ यस ग्रन्थका निर्माता पण्डित शिवकुमार ज्ञाली जी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुल्मी जिल्लाको थोर्गा, गाउँमा जन्मेएर संस्कृतको मध्यमा सम्म उत्तीर्ण गर्नु भएका श्री ज्ञवाली जी कला युक्त भोगी विद्वान हुनु हुन्छ । यहाँका स्वाध्यायन, जाँगर उत्साह र लगनशीलता, साँच्चिकै रहरलाग्दो र प्रशंसनीय छ । जहिले सुकै पनि वहाँ आध्यात्मिक पुस्तक, पत्रिका र कापी-कलम बीच भेटिनु हुन्छ । वहाँको यसतै अजस्त परिश्रमको मीठो फल हो यो वंशावली । विभिन्न शास्त्रीय सूत्र आदी प्रमाण र ऐतिहासिक आधारहरु दिएर तयार पारिएको यो वंशावली एउटा सामान्य वंशावली मात्र नभएर संवन्धित वँशको सांस्कृतिक शास्त्रकै रुपमा उभिएको छ । यो पनि नेपाली वाङ्मयको ठूलै सेवा हो । यस किसिमका वंशावलीको आवश्यकता हामी कहाँ कति हो कति छ । वुढेसका दिनहरुमा पनि यसता महत्वपूर्ण कार्य गर्ने वुढाहरुसंग हामीले धेरै कुरा सिकनु र प्रेरणा लिनु छ । आजका वालक भोलिका कर्णधार हुन् भने आजका वुढा, वुढी हिँजका जिउँदा इतिहास हुन् । यसैगरी वाँचेका जतिले इतिहास लोकल्दे गए हाम्रो भाषानिकै धनी हुने छ र कैयौँ अज्ञात ऐतिहासिक तथ्य सामुन्ने आउनेछन् । यस ग्रन्थमा वंशगत नाउँहरुको सूचिवाहेक भन्नुपर्ने अरुकुराहरु अनुष्टुप छन्द व्यक्त भएवाट के कुराको सकेत पाइन्छ भने-कविता लेख्ने र कवि बन्ने जवानीको अपरिष्कृत र अपूर्ण रहरले अझै पनि अन्तर मनबाट साउती गर्दैछन् ।

पण्डित शिवकुमार ज्ञवली जी एक प्रतिमा सम्पन्न व्यक्ति हुनुहुन्छ, वंशावली लेखेर नेपाली जाति र भाषालाई ठूलो योगदान पु-यउनु भएतो छ । यसले साथदिन नखोजे पनि वहाँबाट यसता संभावनाको आशा अझै गर्न सकिन्छ ।

नारायण प्रसाद अधिकारी

२०४१।१०।२० चापकोट वर्कष्टार

स्याङ्जा

हाल-शान्तभवन-काठमाण्डौ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुई–शब्द

यो अनादि संसारमा ब्रह्मादेखि सूक्ष्म कीटाणु सम्मका यावज्जीव वर्गलाई आफ्नो प्रारब्ध कर्म अनुसार फल भोग दिलाउन सर्वान्तरयामी परमात्माले स्व स्व कर्मानुसारको योनि जाति स्थान कर्म आदिको रचना गर्नु भएको हो।

त्यसकारण देव, ऋषि, पितृ मनुष्य आदिको मार्ग शास्त्रमा विभिन्न रूपले बताइएको छ।

मनुष्यमा पनि विसाल भूमण्डलभा पृथिवीको प्रत्येक, द्वीपको र प्रत्येक जातिको, धर्म, कर्मको, मार्ग विभिन्न रूपमा देखिन्छ।

मनुष्यले गर्नु पर्ने धर्म, अर्थ, काम, मोक्ष, यी चार पुरुषार्थ छन् यिनी मध्ये धर्म, अर्थ, काम, यी तीन गौण हुन्, अन्तिम मोक्ष परमपुरुषार्थ हो यो कुरा श्रुति स्मृति, पुराण, इतिहास, युक्ति, अनुभव, सिद्ध छ।

यो लोकमा काम्य कर्मद्वारा सुख भोग र परलोकमा स्वर्गादि सुख प्राप्ति चाहने तथा निष्काम, कर्म द्वारा (१) जन्म मरणादि दुःख व्याप्त भवचक्रको निवृत्ति गरी (२) अपवर्गरूप मोक्ष चाहना गर्ने सज्जन वर्गले सदा शास्त्रोक्त विधिले सकाम वा निष्काम कर्म गर्नु अत्यावश्यक छ।

(३) शास्त्रमा ज्ञानबाट मोक्ष हुन्छ भनि बताइ एको छता पनि जन्म जन्मान्तरका अनादि सञ्चित कर्मका अनेक वासना, वेदोक्त सुकर्मले नाश गरी अन्त स्करण शुद्ध भएपछि मात्र सद्गुरु बाट प्राप्त भएका (तत्त्वमसि) आदि महावाक्य हरुका श्रवण मनन निदिध्यासन मात्रले निर्विकल्प समाधि द्वारा ज्ञानोत्पत्ति हुन हुँदा सो बाहेक मोक्षप्राप्तिका लागि पहिला वेदोक्त निष्काम कर्मको आवश्यकता देखिन्छ।

---

(१) विविध बाधना योगाद्दुःखमेव जन्मोत्पत्तिः। (न्या, सू, ४। ५५)

(२) दुःख जन्म प्रवृत्ति दोषा मिथ्या ज्ञानाना मुत्तरोत्तरा पाये तदनन्तरा पाया-दपवर्गः। (न्या. सू. १।२)

(३) ऋते ज्ञानान्न मुक्तिः। शङ्कराचार्यः। ज्ञानादेव तु कैवल्यम्। ज्ञानान्मुक्तिः। (सां सू) विद्या विमोक्षाय विभाति केवला। (रामगीता)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDIL

वेदोक्त आश्रम विहित निष्काम कर्मले चित्तशोधन द्वारा ज्ञान साधन हुँदा ज्ञान काण्डमा ज्ञानोपदेश गर्दा (श्रुति १) स्मृतिले (२) कर्मको प्रशंसा गरेको देखिन्छ ।

वेद यद्यपि (३) दुर्गम जस्तो देखिन्छ तापनि सकल वेदार्थको प्रतिपादन गर्ने महामुनि जैमिनि आदिले धर्मको विषयमा सुविधाको लागी (चोदना लक्षणो धर्मः) (वेदबोधितेष्टसाधन ताको धर्मः) (यतो ऽभ्युदय निः श्रेयसः सिद्धिः स धर्मः) इत्यादि उपदेश गर्दै यागादि धर्म प्रतिपादक, वेदहो भनि निर्णय गर्नु भएको हो ।

सनातन धर्ममा (४) वेलावखत आघात पर्न जाँदा प्राचीन काल देखिनै मौका मौकामा सर्वशक्तिस्वामी परमात्मा बाट अनेक अवतार द्वारा धर्मको रक्षा हुँदै आएको कुरा (५) स्मृतिमा स्पष्ट देखिन्छ ।

---

(१) कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः ।
एवं त्वयि नान्यथेतो ऽस्ति न कर्म लिप्यते नरे ॥

(इति श्रुतिः)

(२) कर्मणैव हि संसिद्धिमास्थिता जनकादय ।
न कर्मणामनारम्भान्नैष्कर्म्यं पुरुषो ऽश्नुते ।

(गीता अ. ३)

(३) वेद ऋग्, यजु, साम, अथर्व, ४ भाग भै संहिता, ब्राह्मण, आरण्यक, उपनिषद विधि, नियम, परिसंख्या, मन्त्र, नाम, निषेध, अर्थवाद, इत्यादि बाट दुर्गम जस्तो छ ।

(४) सनातन धर्म भनेको अनादि काल देखि चलि आएको सनातन परमेश्वरको धर्म हो ।

(५) यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।
अभ्युत्थान मधर्मस्य तदात्मान सृजा म्यहम् ॥

(गी. ४।७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्विजादिमा चारै आश्रम बाट आश्रम विहित वेदोक्त निष्काम कर्मानुष्ठान द्वारा ज्ञानोत्पत्ति गरी मोक्ष प्राप्त गर्न अधिकार छ।

ज्ञानोत्पत्ति गर्न साधन चतुष्टय (१) संपन्न उर्ध्वरेतः (२) सं न्यासी मा विशेष अधिकार छ भनि श्री वेद व्यासले बताउनु भएको छ।

ज्ञान बाट आत्म साक्षात्कार भै मोक्ष त हुन्छ तर अविद्या (३) निवृत्ति गर्न सक्नु पर्छ, अविद्यामा मल, विक्षेप, आवरण, यी तीन शक्ति रहेका हुन्छन्।

मल हो – अन्तस्करणको मलिन संस्कार जनित दोषः, त्यसको निवृत्ति सकाम कर्मले ह्वैन, निष्काम कर्म गर्नाले हुन्छ भनि श्री वेदव्यासले (४) बताउनु भएको छ।

विक्षेप हो – चित्तचाञ्चल्यता– जस्तो असर्प भूत रज्जुमा चित्त चाञ्चल्यता ले सर्पको भ्रम भए जस्तै निर्विकल्प शुद्ध ब्रह्ममा प्रपञ्च भ्रान्ति हुन्छ त्यस्तो विक्षेप–लाई सगुणोपास ना ले ह्वैन अर्थात (५) प्रतीको पासना नगरेर अहङ्ग्रहोपासना बाट निर्गुणको उपासनाले विक्षेपको निवृत्ति हुन्छ।

आवरण हो – स्वरुप विस्मृति, वा, अज्ञान, आफ्नै अज्ञान ले छोपिएको रज्जुना आवरण शक्तिले सर्प संभावना गराउँछ त्यस्तै–अद्वैत ब्रह्ममा आवरण

---

(१) साधन चतुष्टय – नित्यानित्य वस्तु विवेकः (१)

इहामुत्र फल भोग विरागः (२) शमदमादि साधन सपदः (३) मुमुक्षत्वम्।

(२) (उर्ध्वरेतः सुच धढदे हि) (ब्रह्मसुत्र. ३।४।१७ मा)

(एकमेव प्रव्राजिनो लोक निच्छन्तः प्रव्रजन्ति) (वृ. उ. ४।४।२२ यो मन्त्रको आधारमा श्रीशङ्करा चार्यले भाष्यमा धेर व्याख्यान गर्नु भएको छ)

(३) अनित्या शुचि दुःखा नात्मसु नित्य शुचि सुखाभ ख्याति रविद्या (वो. सू २।५)

(५) न प्रतीकेन हि सः। ब्र. सू. अ. ४. पा. १ सू. ४

(४) विहितत्त्वा च्चा श्रम कर्माऽ पि। (३ अ. ४ पा. ३ २ सू. मा)

(तमेतं वेदानुवचनेन ब्राह्मणा विविदिषन्ति यज्ञेन दानेन तपसा ऽ नाशकेन) वृ. ह. दा. उ. ४ ब्रा. २२ मन्त्रको आधारमा श्री शंकराचार्यको धेर व्याख्यान छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शक्तिले कर्तृत्व, भोकतृत्व, सुख दु.ख मोहात्मक, संसार, भावना गराउँछ। यो आवरण शक्ति कार्यब्रह्मको (१) ज्ञान बाट हैन अक्षर ब्रह्मको ज्ञान बाट नाश हुन्छ। यस्ता रीतले अविद्यामा हहेका तीनै शक्ति नाश भए र गए पछि अविद्या नाश भै घट नाशले घटाकाशको महाकाशमा स्वरुप लय भए जस्तै अविद्या नाशले जीवात्माको स्वस्वरुप अक्षर परमात्मामा वृत्तिलय हैन स्वरुप लय भै चारपुरुषार्थ मध्येको अन्तिम परमपुषार्थ मोक्ष, प्राप्ति हुन्छ।

अतः परमपुरुषार्थ मोक्ष प्राप्ति गर्नलाई स्वाश्रम विहिम धर्मो पार्जन गर्नु अत्यावश्यक पर्दछ। धर्मोपार्जनमा देश, काल, द्रव्य, कर्ता, मन्त्र, कर्म, समेत छ चीजको शुद्धि चाहिन्छ भनि शास्त्रकारले बताउनु भएको छ। (२)

कर्म कर्ता साधन वेदोक्त धर्मोजिम नभएमा पनि फल प्राप्ति हुन्न (३) भनि शास्त्रमा निर्णय गरेको हुनाले देशादि शुद्ध भएता पनि कर्ता शुद्ध हुनाको लागी वंशपरपरागत कुलाचरण स्त्री पुरुषमा शुद्ध हुनु पर्छ। त्यसो हुनाले द्विजादि जातिमा स्त्री पुरुषको वैवाहिक सम्बन्ध शास्त्रोक्त विधिले गर्नु पर्ने हुनाले आफ्ना आफ्ना गोत्रका नाता पुस्ता यथार्थ नजानी नहुने हुँदा आफ्ना कुलको वंशावलीमा आवश्यकता देखिन् छ।

हामीले आफ्नो जाति गोत्र स्वाश्रम विहित कुलाचार धर्मादिको प्रतिपादन गर्ने आफ्नो वंशावलीको ज्ञान न गर्नु ठूलो भूल हो किन भने –

मैं को हुँ, मेरो कुल कुन हो। मेरो सम्बन्ध, कस्तो छ। आफ्नो धर्म कसोरी लोप हुन्न, सो कुरा विद्वानले विचार गर्नु पर्छ, आफ्नो सर्व वृत्तान्त आदर पूर्वक जान्नु पर्दछ, स्ववंश परंपरागत प्राप्त कर्म नीति मार्गले गर्नु पर्दछ, आफ्नो र आफ्ना पूर्वजको उत्पत्ति जसले जान्दैन सो वेश्यापुत्र तुल्य हुँद छ। सङ्करत्व हटाउनाको निमित्त शिष्ट सङ्ग्रह रहेको छ।

इत्यादि शास्त्रीय सदुक्ति बाट आफ्नो वंशावली जान्नु

(१) न च कार्ये प्रतिप त्यभिसन्धिः। ब्रह्म सू. अ. ४

(२) धर्मः संपद्यते षड्भि रधर्मस्तु विपर्यय।

(३) न कर्म कर्तृ साधन वैगुण्यात्। न्याय सू. अध्याय २ सू ५८

श्री भा. ए. स्क. अ. २१ श्लो. १५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्छ भन्ने कुरा स्पष्ट हुन आउँद छ। छोरा छोरीको विवाह गर्दा पनि वली को आधार लिनु पर्दछ।

काहं को ऽ हं कुलं किमे संबन्धः किद्दशो मम।
स्व स्व धर्मो न लुप्येत तद्दर्वं चिन्तयेद्बुधः ॥१॥
आत्मनः सर्व वृत्तान्त विजेयमिद मादरात्।
वंशपरंपरा प्राप्त कर्तव्यं नीति मार्गतः ॥२॥
स्वजाति पूर्वजानां यो नविजानाति संभवम्।
संभवेत् पुच्चलीपुत्र सदृशः पित्रवेदकः।
सङ्करत्व निषेधाय वर्तते शिष्ट सङ्ग्रहः ॥३॥

इत्यिपद्मपुराणः।

जुन मार्ग गए बाजे त्यतै बाबु पनि गए।
अब हामी उतै लाग्ने अर्को मार्ग न लागने ॥४॥
परंपरा कुलाचार यही हो शिष्ट भन्दछन्।
शिष्टाचार कुलाचार नछोड शास्त्र भन्द छन् ॥५॥
शिष्टाचार कुलाचार शास्त्र शिद्धान्त हेर र।
यथार्थ सब जानेर स्वधर्म पालना गर ॥६॥
कल्याण धर्मले गर्छ (धर्मो रक्षति रक्षितः)।
शास्त्रले पनि यै भन्छन् धर्म राख सुरक्षित ॥७॥

(लेखकः)

त्यसो हुनाले लुप्त प्रायः हुन लागेको यस ज्ञवाली वंशावलीका सम्बन्धमा ध प्राचीन लेखाहरुमा पूर्वजहरु बसेको जिल्ला गाउँ टोल समेत पत्ता लगाउन नखुनाएको र सरासर नामावली मात्र लेखिएको हुँदा जिल्ला गाउँ टोल पत्ता न मलाइ मुश्किल परेकोले गुल्मी पाल्पा अर्घा खाँची र काठमाण्डौं समेतका ठाउँ मा घुमी जिवीत बन्धुका बाबु बाजे जिजू हरुको नाम शोध पुछ गरी ा साथमा रहेका वंशलताका टुक्रा भेटिएमा तिनी समेत हेरी जाँची बुझी निकै त साथ खोज गरी भेटिए सम्मका पत्ता लगाइ मूल बंशावलीमा भिडान हुन सम्म भिडाइ लेखेको छु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विक्रमादित्य राजाको द्विहजार् चौध सालमा ।
वंहावली पन्यो मेरो प्रयास साथ हातमा ॥१॥
पाल्पा जिल्ला खस्यौलीका पूर्णानन्द सुपुत्रक ।
पण्डित हरिदत्तै हुन् ,मध्यकालीन, लेखक ॥२॥
ती भन्दा पनि पैलेका को थिए कुन्नि लेखक ।
वंशावली सबै हेर्दा छैन प्राचीन लेखक ॥३॥
अन्दाजी एकसौ वर्ष नाम थप्न छुटे छ र ।
पत्ता लगाइ थप्नामा ममा भो अति दुष्कर ॥४॥
गाउँ टोल घुमी लेख्दा तयारभो वीस सालमा ।
छपाई दिउँला भन्ने थियो बन्धु समाजमा ॥५॥
अनुकूल नपर्नाले छापि प्रकाश गर्नमा ।
पछि छपाउँला भन्दै राखें वंददराजमा ॥६॥
वीस वर्ष पछि अैले छापि प्रकाश गर्नमा ।
अन्तर्यामी परात्माको प्रेरणा हुनगो ममा ॥७॥
माण्डव्य गोत्रभो हाम्रो ज्ञवाली हुनगो थर ।
कहाँ बाट भयो गोत्र कहाँ बाट भयो थर ॥८॥
हामी को हौं कहाँ बाट आयौं कसोरी नै यहाँ ।
हाम्रा पूर्वज को होलान् जन्मे छन् उनि नै कहाँ ॥९॥
शाखा प्रवर के के हुन् हामी हौं कुन ब्राह्मण ।
मालिन्दा पूजने हाम्रो कस्तो छ देवलक्षण ॥१०॥
वंशका यी कुरा जात्र यो लेख हेर्नु पर्दछ ।
वंशले जाननू पर्ने सबै कुरा बताउँछ ॥११॥
आचार कुलको धर्म सङ्कष्ट कालमा पनि ।
नछोडी गरनै भन्छन् श्रुति र स्मृतिले अनि ॥१२॥
कुलाचार स्वधर्मादि नछोड नरमात्रले ।
कल्याण यसले हुन्छ भन्छन् व्यासादि आर्यले ॥१३॥
स्वधर्म स्वकुलाचार आर्य अनार्य जातिमा ।

Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चलेको स्पष्ट देखिन्छ लौकिक व्यवहारमा ॥१४॥
स्वकुलाचार चल्दैन वंशावली नभैकन ।
स्व स्व वंशावली शाखा सबैले पर्छ जानन ॥१५॥
स्व धर्मा चारले हीन हुन्छ निन्दित लोकमा ।
निन्दितै कर्मले लाग्छ धनार्जनादि मार्गमा ॥१५॥
कुकर्मले कमाएको चट्ट छाडी सबै धन ।
यमलोकी हुनै पर्ने पाप साथी लिई कन ॥१६॥
नरक बाट उत्रेर जन्मिन्छ नीच योनिमा ।
तसर्थ छाडनै हुन्न स्वधर्माचार लोकमा ॥१८॥
माण्डव्य ऋषिका कुलमा हानी जन्मेर सन्तति ।
आफ्नो स्वरुप जानेर जानु पर्ने परं गति ॥१९॥
विषय भोगमा लाग्दा हाम्रो भो आज दुर्गति ।
आफ्नो स्वरुप विर्सेर हुन्छ के अब उन्नति ॥२०॥
ज्ञानीमा त हुदै हुन्न वंशावली प्रयोजन ।
अज्ञानीमा नभं हुन्न व्यवहार चलाउन ॥२१॥
स्वस्वरुप नजान्नेमा तथापि व्यवहारमा ।
वंशावली त चाहिन्छ कुलाचार स्वधर्मना ॥२२॥
छोरा छोरी विहे गर्दा आशौच वारदा पनि ।
कुलका कुरा नजानेर पर्छन् दुर्गतिमा उनि ॥२३॥
गोत्र प्रवर औ शाखा कुन ब्राह्मण पर्दछ ।
कुलकादेवको नाम सबैले जान्नु पर्दछ ॥२४॥

थर

वजगाईं र भण्डारी अधिकारी मुराल र ।
ज्ञवाली भट्ट कै शाखा भए विभिन्न यी थर ॥२५॥
नाम वा वस्तिले गर्दा विभिन्न थर वन्द छ ।
गोत्र प्रवर फेरिन्न थर फेरिन सक्द छ ॥२६॥

) दुराचारो हि पुरुषो लोके भवति निन्दितः । (मनुः)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE-IKS

गोत्र

भट्ट सन्तानको हुन्छ माण्डव्य गोत्र भन्द छन् ।

प्रवर

मण्डु माण्डव्य र विश्वा मित्र प्रवर तीन हुन् ॥२७॥

शाखा

श्रीशुक्ल यजुः शाखा हो माध्यन्दिनीय नामक ।

ब्राह्मण

हामी हौं विसंनै हुन्न कान्यकुब्जीय ब्राह्मण ॥२८॥

कुलदेवता

पूजिएका अधि देथि कुलपरंपरागत ।
(श्वेतवराह मष्टा) हुन् ज्वाली पूज्य देवत ॥२९॥
इत्यादि विसंनैहुन्न लोकमा नरमात्रले ।
अर्कालि सोधि गरेमा भन्नु पर्दछ रीतिले ॥३०॥
आजसम्म नभेटेका वन्धु छन् ती कता कता ।
भेटेका लेखदै जान्छु खोजी गर्दै यता उता ॥३१॥
छुट होलान् नभेटेका हामीमा हुन्छ के पता ।
वंशावली भिडाएर खोजनू यसरी लता ॥३२॥
मेरो शाखा कहाँ बाट फाटी कता छुटे छ त ।
भनेर हेरनै पर्छ यो लेख नै यर्थायत ॥३३॥
सुमेरु बाट फाटेका शाखा जे जति प्राप्त छन् ।
क्रमैले हेरदै जानू पूर्वज नाम मिल्द छन् ॥३४॥
पूर्वज नाम भेटेर आफ्नो नाम मिडाउनू ।
भिडेको आफ्नो नाम यो लेखमा चढाउनू ॥३५॥
नाम त लेखनै पर्छ व्यवहार चलाउन ।
यस्मा नाम नलेख्नु हो स्व–सन्तान गिराउन ॥३६॥
वीस् साल अधिका केही पछिका नाम लेखन ।
प्राय छुट भएको छ पूर्वज पर्छ खोजन ॥३७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्व पूर्वज खोजेर आफ्नो पत्ता लगाउनू ।
रीति पूर्वकले हेर्ने पर्छ झर्को न माननू ॥३८॥
अर्कै सङ्गै कतै सोधी बन्धुका नाम लेखदा ।
छुट्ला उल्टो कतै पर्ला प्रेसमा नाम छापदा ॥३९॥
टुटला विग्रला नाम सद्बन्धु नरिसाउनू ।
विग्रेको र छुटेकोमा नाम लेखेर राखनू ॥४०॥
पूर्व पूर्वज खोजेर सिलसिला मिलाउने ।
प्रयास मात्र भो ग्रैले वंशावली बनाउने ।
ममा भएन सामर्थ्य सर्व भेटेर लेखने ॥४१॥
विग्रेको र छुटेकोमा पाउनू पर्छ सूचना ।
अर्को आवृत्तिमा मेरो सयार्ने नै छ कामना ॥४२॥

लेखक - शिवः ।

मूल वंशावलीमा लेखिएका कुनै शाखाको पत्तानै नलागेकोमा (भेटिएको छैन भनि) जनाईएको छ । हाल यो वंशावली लेखदा जिल्ला गाउँ टोल समेत खुलाई प्रत्येक गाउँको आरम्ममा गाउँ परिचयको निमित्त नेपाली पद्यमा केही श्लोक लेखिएको छ । नामावली लेखदा पनि सबैले बुझने गरि लेखिएको छ । कतिपय नाउहरु न जानिएको हुनाले बीच बीचमा ठाउँ खाली छाडिएको छ जानकार व्यक्ति हरु बाट उक्त स्थान हरुको पूर्तिको पनि अपेक्षा गरेको छु ।

परिश्रम साथ आफ्ना वंश परंपरामा भेटिएका बन्धुको नाम मात्र सिलसिला मिलाई राख्ने मात्र प्रयास गरेको छु त्यस बारेमा विशेष छानबीन विवेचना भन गर्न सकेको छैन ।

त्यसो हुनाले झवाली थरका पुराना अभिलेख कागज पत्र वंशावली आदि बारे अन्य स्रोत प्राप्त भएमा त्यसको जानकारी दिएर यस ग्रन्थलाई सहयोग पुऱ्याउन सर्वमा विनय आग्रह गर्दछु ।

अहिले यस प्रकाशनले झवाली बारे ये जति जानकारी प्राप्त हुन सक्यो त्यसको उल्लेख भए बाट यस प्रति चासो राख्ने समस्त आफ्ना भाई बन्धु र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञवाली को महत्वमा सचेत अन्य सज्जन वर्गमा समेत सानो गुन लगाउन सकें भने राहीनै मेरो लागी ठूलो सन्तोषको विषय हुने छ ।

वंशावलीको पछाडि कुल पुजा परिभाषा लेखिएको छ ।

यो वंशावली प्रकाशन गर्न प्रोत्साहन तथा हरेक विषयवाट सहयोग र सर–सल्लाह समेतको जिम्मा लिइ विविध प्रकारवाट हौसला दिनु हुने (प्रकाशक) श्री भेषराज ज्ञवाली ज्यू, मेरो हार्दिक अविस्मरणीय धन्यवादका पात्र हुनुहुन्छ । उहाँ प्रति म हृदय देखिनै कृतज्ञता ज्ञापन गर्दछु ।

यसै गरि यो वंशावली प्रकाशनमा ल्याउन सहयोग गर्नु हुने भू: पू. मन्त्री श्री शम्भु प्रसाद ज्ञवाली ज्यू तथा श्री हेमराज ज्ञवाली ज्यू समेतमा धन्यवाद प्रकट गर्न चाहन्छु ।

भूमिका लेखिदिनु हुने वयोवृद्ध विद्वान लेखक श्री सूर्य विक्रम ज्ञवाली ज्यू प्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु । आवश्यक सर सल्लाह तथा पुस्तकवारे परि–चयात्मक लेख दिनु भएर सहयोग गर्नु हुने उप. प्रा. श्री गोपीकृष्ण शर्मा ज्यू लाइ हार्दिक धन्यवाद टक्याउछु साथै आवश्यक संशोधन सहित वंशावलीका संवन्धमा आफ्नो मन्तव्य समेत प्रकट गरेर थप योगदान पुन्याउने नेपाली एम, ए. का विज्ञ श्री नारायण प्रसाद अधिकारी पनि धन्यवादका पात्र हुनु हुन्छ ।

अनभिज्ञतावश कतै प्रेसवाट हुन पुगेका अशुद्धिहरु सच्याएर पढिदिनुहुन प्रिय पाठकमा अनुरोध छ, कहीं खडकिने खालका त्रुटी भेटिए लेखकलाइ सूचित गरिदिनु हुनेछ वाकि अर्को प्रकाशनमा सच्याउन सकियोस । सावधानी राखदा राख्दै पनि रहन गएका केही शुद्धा शुद्धिको सच्योट पुस्तकको अन्त्यमा दिएको छ ।

लेखक:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राचीनपरम्परा

अनादि औ अनिर्वाच्या अजा सदसदात्मिका ।
(१) सच्चिदानन्द आत्मामा माया छ त्रिगुणात्मिका ॥

(१)

सात्विकशुद्धमायामा चित्प्रतिविम्ब विष्णुका ।
ससारसृष्टिको लागि ब्रह्माण्डनाभिपद्ममा ॥

(२)

(२) रजोगुणात्मका ब्रह्मा देखिए कल्पआदिमा ।
(३) ब्रह्मामा विष्णु आज्ञाभो संसार सृष्टिगर्नमा ॥
अधिकारी बनेकोले खटिए सत्यलोकमा ॥

(३)

(४) हिरण्यगर्भमा आयो सङ्कल्प पूर्वकल्पको ।
(५) प्राचीन कल्प संझेर भयो सङ्कल्प सृष्टिको ॥

(४)

---

(१) चिदानन्दमयब्रम्ह प्रतिविम्बसमान्विता ।
तमोरजः सत्वगुणा प्रकृतिर्द्विविधा च सा ॥
सत्वशुद्धयविशुद्धिभ्यां मायाविद्ये च ते मते ।
मायाविम्बो वशीकृत्त तां स्यात्सर्वज्ञ ईश्वर (इत्यादि) ॥
(पंचदशी)

(२) आदावभूच्छतधृती रजसस्य सर्गे विष्णुः
स्थितौ ऋतुपतिर्द्विज धर्मसेतुः ।
(श्री भा १ १ । ८)

(३) तस्यापि द्रष्टुरीशस्य कूटस्थस्याखिलात्मनः ।
सृज्यं सृजामि सृष्टोऽहमीक्षयैवाऽभिचोदितः ॥
(श्री भा ३ । ८ । १७)

(४) सूर्याचन्द्रमसौ धाता यथा पूर्व मकल्पयत् ।
(ऋग्वेद)

(५) समान नाम रूपत्वाच्चाऽऽवृत्तावप्यविरोधो दर्शनास्मृतेश्च ।
(ब्र.सू. १ । ३ । ३०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

(१) मङ्कुल्पै बाट ब्रह्माले महाभूतादि पूर्वक ।
(२) देवर्षि बेदको सर्ग गर्नु भो रीति पूर्वक ॥

(५)

(३) अरुचि विधिमा आयो सनकादिक सर्गमा ।
(४) मिथुन सर्गको लागि लागी रचिए ऋषि अन्तमा ॥

(६)

---

(१) आत्मन आकाशः सभूतः । आकाद्वायुः । वायोरग्नि ।
अग्नेरापः । अद्भ्यः पृथिवी । पृथिव्या ओषधयः ।
ओषधिभ्योऽन्नम् । अन्नात्पुरुषः । इत्यादि तैत्तिरीयोपनिच्षदि ।

(२) अस्य महतो निश्वसित म त द्य दृग्वेदो यजुर्वेदः सामवेदोऽथर्वाङ्गि
रसः । इत्यादि (बृ. उ ४ ५१०)

(३) सनकञ्च सनन्दञ्च सनातनमथात्म भूः ।
सनत्कुमारश्चमुनी न्निष्क्रियानूर्ध्वरेतसः ॥
तान् वभासे स्वभूः पुत्रान् प्रजा सृजत पुत्रकाः ।
तन्नैच्छन् मोक्षधर्माणो वासुदेव परायणाः ॥
सोऽवध्यातः सुतैरेवं प्रयाख्यातानुशासनैः ।
क्रोधं दुर्विषहं जात नियन्तुमुपचक्रमे (इत्यादि) ॥
(श्री. भा. ३ । १२)

(४) क स्यकायम भूद्द्वेधा यत्कायमभि चक्षते ।
ताभ्यांरुप विभागाभ्याम मिथुनं समपद्यत (इत्यादि) ॥
(श्री-भा तृ.)
सङ्कल्प ऋषिको गर्दा विधिले चौथ गोत्रमा ।
माण्डव्यादि गरी सृष्टि पठाए सृष्टि कार्यमा ॥

(७)

सृष्टि गर्न तपस्यामा माण्डव्य ऋषिजो हिडे ।
नेपालराज पाल्पाको पवित्र स्थानमा पुगे ॥

(८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवगिरि छ माडीको दक्षिण बर्फ पर्वत ।
माण्डव्य ऋषिले उस्मा गर्नु भो तप अग्रत ॥

(९)

(१) अष्टाङ्ग योगका साथ ऋषिको तप पूर्णभो ।
माण्डव्यको तपोभूमि माडी भनि प्रसिद्ध भो ॥

(१०)

तपद्वारा भयो सृष्टि अधिकै कल्प तुल्यको ।
कर्म सस्कारले बद्ध जीवसमूह जो थियो ॥

(११)

केही भाग त्यसैबाट माण्डव्यऋषिमा गयो ।
(२) माण्डव्य ऋषिजीबाट विचित्र सृष्टि फैलियो ॥

(१२)

माण्डव्यऋषि वशैमा नजाने कति पङ्क्तिमा ।
भट्टको थर जुम्लामा सुपवित्र धरानमा ॥

(१३)

जन्मेर ब्रह्मचारी भै श्रीमान् याजक भट्टले ।
काशी गै गुरुका साथ पढे वेद विधान ले ॥

(१४)

क्रियाकलापको रीति स्मृति ओ श्रुतिपद्धति ।
मन्त्र ब्राह्मण कण्ठै थे यजमा चाहिने जति ॥

(१५)

---

(१) यम, नियमासन प्राणायाम, प्रत्याहार, धारणा, ध्यान, समाधयोऽष्टाङ्गानि । योग. सू पा. २ सू. २९ (यस्कोविस्तार योग सूत्रमा छ)

(२) कर्मवैचित्र्यासृष्ठि वैचित्र्यम् । सां. सू. अ. ६ सू ४१ तं विद्याकर्मणी समन्वारभेते पूर्वप्रजा च । (ब्र. उ. ४।४।२)

(इतिश्रुतिः)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE-IKS

मीमांसा शास्त्रकापार बने विद्वच्छिरोमणि ।
कर्माचार न छोड़ेका स्वधर्माश्रमका मणि ॥

(१६)

जुम्लानरेशको इच्छा श्रौतमद्यज्ञ गर्नमा ।
हुन जाँदा भयो चर्चा जुम्ला र अन्य देशमा ॥

(नरेशको नाम र मिति लेखमा छैन)

(१७)

सिपालु द्विज जा भेद्छौं वेदविदित सुकर्ममा ।
खोजेर ल्याउनू भन्ने आज्ञा भो भारदारमा ॥

(१८)

कर्मिष्ठ वेदका विद्वान् स्वराज्य परराज्यका ।
राजाज्ञा पाउना साथ झिकिए सोह्र गोत्रका ॥

(१९)

भट्टको चल्द थ्यो चर्चा विद्वज्जनसमाजमा ।
परीक्षा गर्न राजाले झिकाए यज्ञकाममा ॥

(२०)

झिकिए र उनो जाँदा जुम्लाका दरवारमा ।
द्विजनक्षत्रका बीच उदाए भट्टचन्द्रमा ॥

(२१)

त्यहाँ श्रीभट्टको जाँच मन्त्री गुरु पुरोहित ।
सभामा साथ राखेर हुन लाग्यो यथार्थत ॥

(२२)

वेदको तत्व जानेको कर्मिष्ठ मिल्छ जो द्विज ।
यज्ञआचार्य हामीले छान्नु पर्छ उनै द्विज ॥

(२३)

भारदारी सभा बीच राजनिर्णय यै भयो ।
वेदतत्वज्ञ कर्मिष्ठ विप्र त्यो छानिदै गको ॥

(२४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

सदाचारी र कर्मिष्ठ वेदको तत्व जानने ।
याजक भट्ट छाडेर अर्को त कुन भेटिने ॥

(२५)

चतु षष्ठी कला विद्या भट्टमा पूर्णनै थियो ।
चन्द्रिका चम्कदा जस्तै राजवैठक देखियो ॥

(२६)

राजवैठकमा बस्ने दर्वारी द्विज वर्गको ।
दृष्टिको लक्ष्य भट्टैमा थियो नवीनरूपको ॥

(२७)

थिए पम्परा प्राप्त दर्वार भित्र पण्डित ।
जानेका बहुतै शास्त्र मन्त्री गुरु पुरोहित ॥

(२८)

दर्वारी तरमा लुब्ध मार्जारी द्विजवर्गमा ।
उडाए हाम भट्टैले सिंहगर्जन रूपमा ॥

(२९)

ग्रहमा सूर्य जस्तो भै भट्ट नै झट्ट छानिए ।
श्रौत सद्विधिले यज्ञ समाप्ति पनि गर्दिए ॥

(३०)

यज्ञानुष्ठान त्यो देखी भूपमा भो सुलक्षण ।
जगाउँ भयो उन्मा यज्ञान्त भूमिदक्षिणा ॥

(३१)

श्रीमान् याजकका छोरा जन्मेका चार भाइमा ।
राजद्वारा चारकाम माँडियो दरवारमा

(३२)

जेठा धर्माधिकारी भै अधिकारी थरै भए ।
पुरोहित भएकोले सुराल माहिला बने ॥

(३३)

शङ्कर साहिला छोरा ज्योनिषी नामका वने ।
भरण्डार कामले कान्छा भण्डारी थर भो भने ॥

(३४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

जुम्लामा भट्टको वंश फैलियो अति सत्वर ।
बजगाँउ बसेकोले बजगाई भयो थर ।।

(३५)

भराडारी बजगाई र अधिकारी सुरालका ।
त्यहाँ थर बने चार माण्डव्य ऋषिगोत्रका ।।

(३६)

चार भाई यिनी मध्ये तीनको वंशवृत्ति ।
खोजे पाइन्छ जुम्लामा भएन लखने गति ।।

(३७)

शङ्कर साहिला भट्ट उनैका वंशपङ्क्तिमा ।
नागेश, कालु गोपाल, वागीश भट्ट सम्मका ।।

(३८)

भट्टको थर भै आए सातौं श्रीहरिदत्तको ।
श्रौत स्मार्तादि कर्ममा प्रख्यात भो प्रतापको ।।

(३९)

क्रियाकलापको लागी थिए योग्य विधानले ।
झिकाए यज्ञको लागी गुल्मी वधा नरेशले ।।
(नरेशको नाम र साल मिति उल्लेख छैन)

(४०)

वेदोक्तविधिले यज्ञ गराए हरिदत्तले ।
खुशी भै गाँउ नै विर्ता दिन्छु भने नरेशले ।।

(४१)

गाँउ सुन्दर छानेर गर्नु जाहेर लौ ममा ।
भन्ने महीपको आज्ञा भएछ भारदारमा ।।

(४२)

गेवा, यो नाम राखेका गहूँ प्रशस्त उब्जदा ।
विप्रका वृत्तिको लागी गाँउ सुन्दर मानदा ।।

(४३)

उब्जनी धेर देखेर भो जाहेर महीपमा ।
यज्ञान्त शुभ भूदान हुन गो यज्ञभूमिका ।।

(४४)

गेवा, को वासले गर्दा गेवाली थर यो भयो ।
पुरानु थर जो भट्ट थियो त्यो अब वदलियो ।।

(४५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्को कुरा

(वंघा नरेशले जुम्लाघाट यज्ञ गराउ नै ।
भनि झिकाइ आएका भट्ट हुनू हरिदत्त नै ॥
(४६)

वेदोक्त विधिले यज्ञ भो समाप्ति नरेशको ।
यज्ञवाला भयो नाम वंघामा हरिदत्तको ॥
(४७)

प्रारब्ध कर्म भोगेर ती विप्र स्वर्ग मै गए ।
ब्राह्मणी यज्ञवाली हुनू भनेर लाकले भने ॥
(४८)

असञ्जिलो हुँदा होला (य) यो अक्षर लोपले ।
ज्ञवाली भन्न थाले छन् दर्वारी जनवर्गले ॥
(४९)

गेवाली थर सन्तान त्यही कारणले भयो ।
भन्ने पनि छ प्राचीन किंवदन्ती प्रमाण यो) ॥
(५०)

,गेवा, यो शुद्धहोला कि मेरो विचार लाग्द छ ।
लोकमा लेखदा ज्वादा (ज्ञवा ले मान पाउँ छ ॥
(५१)

स्वर्गीय हरिदत्तका श्रीऋषीकेश सेवक ।
एक मात्र थिए छोरा ज्ञवाली वंशवर्द्धक ॥
(५२)

जात कर्मादिले उन्को सुमेरु नाम राखियो ।
व्रतवन्धादि सस्कार गरेर द्विज मानि यो ॥
(५३)

षडङ्ग वेद वेन्ता भै गए ब्राह्मण पङ्क्तिमा ।
गृहस्था श्रमको धर्म पालना गर्न निम्तिमा ॥
(५४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

विहे गर्न भनी कन्या खोजेको ती सुमेरुमा ।
पत्तो पाए र राजाले झिकाए दरवारमा ॥

(५५)

भारदारी सभाबीच भए ती विप्र हाजिर ।
राजाको मनले आंटे विवाह मेरु रवातिर ॥

(५६)

कुनै ब्राह्मणकी कन्या राखी सशय वाबुमा ।
भात रोकेर राखेको ज्ञान थियो नरेशमा ॥

(५७)

मेरुकुमारका साथ कन्या विवाह गर्दिए ।
वाबुको भात चल्ने छ भूपले मनमा गुने ॥

(५८)

ब्राह्मणोद्धारको लागि लगाइ मन धर्ममा ।
नरेशको भयो आज्ञा सभाबीच सुमेरुमा ॥

(५९)

उपाध्याद्विजकी कन्या बन्धुका मत भेदले ।
विवाह गरने काम बाँकी छ बुझ मेरुले ॥

(६०)

सुशीला युवती योग्या पवित्रा सुन्दरी छन ।
भताह बन्धुले भात निजको रोकने किन ॥

(६१)

विवाह गर तिन्लाई कुरा नसुन लोकमा ।
राजवैठकमा यस्तो शिक्षा भया सुमेरुमा ॥

(६२)

राजाज्ञा पालना गर्न विवाह मेरुको भयो ।
भताह बन्धुका साथ कन्याको भात रोकियो ॥

(६३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जन्मेका मेरुका छोरा जैसीका पक्तिमा गए ।
भराडार कामको लागी नियुक्ति भूपले गरे ॥

(६४)

आव्हान दरवारीले (ए भण्डारी) भनी भने ।
त्यसै कारणले छोरा भण्डारी थरका वने ॥

(६५)

भण्डारी थर वस्ती छ जुहाङ् हूँगादि गाउँमा ।
भण्डारी को त भेटिन्न वशपद्वति लेखमा ॥

(६६)

प्राचीन लेखमा काटे भण्डारी थरको लता ।
हामीले जान्न पाएनौँ काटियो किन सा लता ॥

(६७)

शास्त्रोक्त पुत्रको इच्छा पूर्ण गर्न सुमेरुले ।
शुद्धब्राह्मणकी कन्या छानेर शास्त्ररीतिले ॥

(६८)

पचास बर्षमा दोश्रो विवाह मेरुले गरे ।
पुत्रोत्पादनको लागि तपस्या मनमा धरे ॥

(६९)

शुद्ध सन्तान चाहिन्छ गृहस्थाश्रम धर्ममा ।
शुद्ध जीव प्रवेश् गर्छ पवित्र नरवीर्यमा ॥

(७०)

(१) पवित्र नर नै बन्छ तपस्याकै प्रभावले ।
भन्ने यो शास्त्रसिद्धान्त मेरुले मनमा गुने ॥

(७१)

---

(१) ज्ञात्वा शास्त्रविधानो क्तं कर्म कर्तुमिहार्हसि ।
(गीता)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE-IKS

(सुमेरूको तपश्चर्या–)

(१) घरमा विघ्न संझेर कामना पूर्ण गर्नमा ।
पत्नीका साथमा आए पवित्ररूतीर्थमा ॥

(७२)

(१) श्रीकृष्णा गण्डकी माथि उच्च सुन्दर ठाउँमा ।
,गल्फुलेको, गुफामा गै वसे ती तपकार्यमा ॥

(७३)

नयाँ दुलहीको साथ सहवास गरीकन ।
कामना सिद्धिको लागी थाल्नु भो तपसाधन ॥

(७४)

मिर्मेरेमा उठी आफ्नो शौच आदि सके पछि ।
प्रातः स्मरण सझन्थे गायत्री अजपा पनि ॥

(७५)

सामग्री अनि पूजाको लिई पत्नी सहित भै ।
गर्थे गङ्गाजीको पूजा श्रद्धा र भक्तिले निकै ॥

(७६)

शास्त्रीय विधिले स्नान गर्थे गङ्गाजीमा सदा ।
अञ्जली जलको दिन्थे गर्दथे सूर्यप्रार्थना ॥

(७७)

स्नान ध्यान सकी फिर्थे गल्फुलेकै ओडारमा ।
पञ्चगव्य अनि खान्थे शरीर शुद्ध गर्नमा ॥

(७८)

---

(१) समे शुचौ शर्करावह्नि बालुका विवर्जिते शब्दजला श्रयादिभिः ।
मनोऽनुकूले नातु चक्षुपीडने गुहानिवाताश्रयणे प्रयोजयेत् ॥
(श्वे. उ. २।१०)
अरण्गुहापुलिनादिषुयोगाभ्यासोपदेशात्
(न्या. सू. ४।२।३९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२) कुशआसनको माथि राखेको मृगचर्ममा ॥
(३) एकाग्र चित्त भै वस्थे शान्ति ली धैर्यसाथमा ।

(७९)

विशुद्ध भस्मलेपेर तेजस्वी त्यो ललाटमा ॥
सम्पूर्ण देहमा गर्थे पवित्र जल सेचन ।

(८०)

सन्ध्या गर्न उनी वस्थे पद्धति लिइ साथमा ।
शुद्धरुद्राक्षको माला रहेको गोमुखी लिइ ॥
कुश औंठी पवित्रादि हातमा धारणा गरी ॥

(८१)

जपी गायत्रीको मन्त्र राम्रो विधि विधि विधानले ।
देवपूजा र स्वाध्याय पितृ तर्पण गर्दथे ॥

(८२)

पञ्चनाम महायज्ञ नित्य श्राद्ध गरी कन ।
शास्त्रकै बिधिले गर्थे गाई ब्राह्मण पूजन ॥

(८३)

प्रातः कार्यादि सिद्धिन्थीयो सङ्गव कालसम्ममा ।
पूजासामान ली साथ गइ मध्याह्न कालमा ॥

(८४)

गङ्गास्नान सपत्नी भै गर्थे मध्याह्नका क्रिया ।
काम्य कर्मादिमा हुन्न छुटाउन कुनै क्रिया ॥

(८५)

---

(१) गङ्गाजीबाट उत्तर तर्फ पीपल वरआदि वृक्षहरुले सुशोभित उच्च स्थानमा (गल्फुले) नामको गुफा छ ।
(२) स्थिरं सुखभासनम् । सां. सू. (३।३४)
(३) इषुकारबन्नैक चित्तस्य समाधि हानिः । (सां. सू. ४।१४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDP

मध्यान्ह कर्म सिद्धयाई सामानलिइ सुन्दर ।
सपत्नी भै छिटै जान्थे श्रीऋषीकेश मन्दिर ॥

(८६)

(१) पहिला आफूले गर्थे साष्टाङ्ग देवदर्शन ।
(२) अनि दवै छिटै गर्थे नवधाभक्तिलक्षण ॥

(८७)

(पुरुषसूक्तमले) हुन्थो धार्य भै देवपूजन ।
शुद्धपूजा दुवै गर्थे विधिच्युत नभैकन ॥

(८८)

(३) श्रीऋषीकेशको ध्यान अनि गर्थे अगाडि मै ।
(४) परेन विघ्न बाधादि द्विजदम्पतिमा कुनै ॥

(८९)

(५) क्रियायोग, उपनि गर्थे शास्त्रोक्त विधिपूर्वक ।
(६) उनीमा आइ लागेन (पञ्चक्लेश) भयानक ॥

(९०)

---

(१) साष्टाङ्ग सेवा-

उरसा शिरसा दृष्टया मनसा वचसा तथा ।
पद्भ्यां कराभ्यां जानुभ्यां प्रणामोऽष्टाङ्ग उच्यते ॥

नवधा भक्ति -

(२) श्रवण स्मरणं विष्णोः कीर्तनं पादसेवनम् ।
अर्चनं दास्यभावश्च तथा आत्मनिवेदनम् ।
वन्दनं सख्यता चेति नवधा भक्तिलक्षणम् ॥

(३) रागोपहति र्ध्यानम् । (सां. सू. ३।३०)

(४) व्याधिस्त्यान संशय प्रमादा लस्या विरति भ्रान्ति दर्शना लब्ध भूमिकत्वा नवस्थितत्वानि चित्त विक्षेपस्तेऽन्तराया । (यो सू. १३०)

९० श्लो

(५) तपः स्वाध्यायेश्वर प्रणि धानानि क्रियायोगः । (यो सू. २।१)

(६) अविद्याऽस्मितारागद्वेषा भिनिवेशाः पञ्चक्लेशाः । (यो. सू. २।३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१) ,योगाङ्ग, अनुष्ठान उनी गर्थे निरन्तर ।
२) ,संयम पालना गर्न हुँदथे उनी उनी तत्पर ॥

(९१)

गरिएका सबै कर्म गरी देव समर्पण ।
फूल, प्रसाद ओ टीका चरणामृत चन्दन ॥

(९२)

स्वीकार अश्रुधारालें मागी आफ्नो क्षमापना ।
पादारविन्दमा ढोगी देखाई दैन्य भावना ॥

(९३)

हजारौं अश्रुधाराले गरदै पादसेचन ।
मनैले दुःख देखाई विदा मागेर सो दिन ॥

(९४)

फिरेर ,गल्फुले, मागै देवकै गरि चिन्तन ।
एकछाक हविष्यान्न अथवा फल जे छन ॥

(९५)

(२) ,स्वकर्म, सब सिद्धयाई गर्दथे मित भोजन ।
दिन चर्यादिमा हुन्थो दुदैको एउटै मन ॥

(९६)

---

(१) योगाङ्गा नुष्ठा नादशुद्धि क्षये ज्ञान दिप्ति राविवेकख्यतेः ।
(यो. सू २।२७)
यम नियमाऽऽसनप्राणायामप्रत्याहार धारणा ध्यान समाधयो-ऽष्टावङ्गानि ।
(यो. सू. २ २९)
(२) त्रयमेकत्र संयमः । ,साधना ध्यान समाधिको एकता ॥
(यो सू. ३।४)

---

(२) स्वकर्म स्वाश्रमहिहितमानुष्ठानम् ।
(सा सू. ३।२५)
धारणासन स्वकर्मणा तत्सिद्धिः ।
(३।३२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

(३) पति र पत्नीको हुंन्थो भोजन अपरान्हमा ।
अपवित्र कुनै चीज परेन भोज्य वस्तुमा ॥

(९७)

सत्सङ्ग शास्त्रचर्चा नै चल्दथो अपरान्हमा ।
सूर्य अस्त हुना साथ साथ सन्ध्यादि कार्यमा ॥

(९८)

प्रहन्त भै उनी लाग्थे शास्त्रोक्त विधि मार्गमा ।
पढेर रात्रि सूक्तादि लाउथे मन देवमा ॥

(९९)

(४) भिन्न भिन्न विछौनामा सुकला गर्दथे दुवै ।
नियम औ ब्रम्हचर्य पालना गर्दथे निकै ॥

(१००)

मेरुको दिन चर्यादि देखेर खुशी भै कन ।
श्री ऋषीकेश इच्चा भो कामना पूर्ण गर्दिन ॥

(१०१)

चित्तशुद्ध भयो उन्को प्राचीन पाप नाशले ।
पुत्रदा नामकी विद्या श्रीऋषीकेश देवले ।
उन्लाई स्वप्नमा स्पष्ट दिनु भो प्रेमरुपले ॥

(१०२)

---

(३) आहार शुद्धौ सत्व शुद्धिः सत्व शुद्धौ श्रुवा स्मृतिः ।
(छा. उ. ७।२)

---

(४) ब्रम्हचर्य महिँसा च शरीर तप उच्यते ।
(गी १७।१४)

कृत नियम लङ्घनादानर्थ क्यम् ।
(सां सू ४।१५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१) पूर्वोक्त दिनचर्यादि न छोडि कन सत्वर ।
प्राप्तबिद्या जपो ध्यान्मा लाग्ये मेरु निरन्तर ॥

(१०३)

आँखाले देखिने बाह्य मूर्ति ध्यान अनन्तर ।
आफ्नै हृदयमा त्यस्तै ध्यान गर्थे निरन्तर ॥

(१०४)

(२) बाह्य मन्दिरको भित्र दृश्य ईश प्रतीक हो ।
हृद्पद्म सद्मको भित्र मनो गम्य त ईश हो ॥

(१०५)

(३) हृदयस्वरुपका ध्यान् ले चिन्त स्थिर गरीकन ।
हृदयाकाशमा जो छ उस्को नै गर्नु चिन्तन ॥

(१०६)

भन्ने यो शास्त्र सिद्धान्त मेरुमा स्वतः स्फुर्न गो ।
मेरुले गर्नु भो ध्यान स्वान्तर्यामी प्रकाश को ॥

(१०७)

धारणा ध्यान समाधि मेरुमा चढदै गयो ।
मेरुको शुद्ध जीवात्मा ब्राम्हस्वरुप नै भयो ॥

(१०८)

(४) समाधि कालमा हुन्छ जीवात्मा आत्ममा लय ।
स्वरुप लय यो हुन्न हुन्छ यो वृत्तिले लय ॥

(१०९)

---

(१) आवृत्तिरसकृदुपदेशात् । (ब्र. सू. ४।१।१)

(२) क्लेशकर्म विपाकाशैय रपरामृष्टः पुरुषविशेष ईश्वरः ।
(यो. सू १।२४)

न प्रतीकेन हि सः । (ब्र. सू. ४।१।४)

(३) श्री. भा. द्वि. एक मा बताइए बमोजि ।

(४) समाधि सुषुप्ति मोक्षेषु ब्रम्हरुपता । (सा. सू. ५।११६)

ध्यानं निर्विषयं मनः । (सा सू. ५।२५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE-IKS

वासना शुन्य जीवात्मा हुन्छ स्वरुपमा लय ।
वासना बद्ध जीवात्मा हुने हो वृत्तिले लय ॥

(११०)

विकल्पले हुने ज्ञान निर्विकल्प भयो तर ।
सन्तत्ति वासना ,पर्दा, हुन गो भेद अन्तर ॥

(१११)

श्रीऋषीकेश जी वाट पुत्रद मन्त्र वक्सियो ।
त्यहीनै मेरुको जीव वासना वद्ध भै गयो ॥

(११२)

देवप्रदा महाविद्या वाट सन्तति सुन्दर ।
अवश्य हुन्छ भन्ने यो आशा थियो निरन्तर ॥

(११३)

अती कठोर तपस्या मेरुको हुन गो जव ।
